# प्रकाशकीय

नेपाली मिडियाबारे प्रक्रियाबद्ध र प्राज्ञिक अध्ययन नभएको ठानी करिब पाँच वर्षअघि हामीले यो क्षेत्रमा हात हालेका हौं । नेपाली मिडिया उत्पादक संस्थाहरू र तिनको कामबारे गरिएको सर्वेक्षणबाट शुरु भएको हाम्रो प्रयासले विभिन्न बाटो समातेका छन्: केही अरू संस्था र व्यक्तिहरूको सहयात्रामा, केही आन्तरिक मिडिया अनुसन्धान समूहको मात्र संलग्नतामा । सानो स्तरबाट शुरु भएको यात्रा लम्बिदै जाँदा यात्रीको सङ्ख्या र अध्ययन दायरा दुवैमा सन्तोषजनक वृद्धि भएको छ ।

पाँच वर्षको अवधिमा हामीले गरेका कार्यहरू मिडिया अध्ययन प्याकेजका विभिन्न पाटामा छरिएका छन् । तिनलाई 'छलफल', 'अनुसन्धान र मिडिया उत्पादनका लागि स्रोत-सामग्रीको निर्माण' र 'मिडियाका विभिन्न पक्षबारे विविधि विश्लेषण' गरी तीन प्रमुख शीर्षकमा विभाजन गर्न सकिन्छ । त्यसबाहेक, मिडियाबारे अनुसन्धान/लेखन गरिरहेका अन्य व्यक्तिहरूको कामलाई सघाउने, उनीहरूको पुस्तक परिमार्जन गर्ने काम पनि अघि बढिरहेको छ । त्यसैअन्तर्गत डा. देवीप्रसाद ओझाको *सुदूरपश्चिममा पत्रकारिता* प्रकाशित भैसकेको छ भने केशवराज पराजुलीको *सम्पादकको कलम* तपाइँको हातमा छ । प्रमोद प्रधानको *मोरङमा पत्रकारिताको अर्धशताब्दी* र शिव रेग्मीको साहित्यिक पत्रिकामाथिको अध्ययन यसै वर्षभित्र प्रकाशन गर्ने योजना छ । अन्य लेखकको काम सम्भव तुल्याउने र उनीहरूको लेखनलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने कार्य मिडिया-अध्ययन परम्परा बलियो बनाउन अति आवश्यक काम हो ।

काठमाण्डूबाहिर पनि पत्रकारिता भैरहेको छ भलै काठमाण्डूको तुलनामा त्यो लगानी, प्रविधि, पहुँच, प्रभाव सबै किसिमले पछाडि होला । त्यस्तै, पत्रिकाका सामग्रीको स्तरमा पनि काठमाण्डू नै अगाडि छ, जुन अस्वाभाविक होइन । तर यो कुरा पत्रिकाले बोक्ने विचार–सम्पादकीय–का हकमा लागू हुँदैन । *सम्पादकको कलम*मा सङ्गृहीत सम्पादकीयहरू त्यसका साक्षी हुन् ।

२०३९ सालमा पोखरामा स्थापित *दैनिक जनमत*ले नियमित अनियमित हुँदै दुई दशकदेखि स्थानीयहरूका आवाजलाई स्थान, वाणी दिँदै आएको छ । पोखरेली पत्रकारिताको शुरुआती दिनदेखि नै संलग्न रहँदै आउनु भएका *जनमत*का संस्थापक तथा सम्पादक केशवराज पराजुलीका कलमबाट पाँच वर्ष (२०५२-२०५७)को अवधिमा सो छापामा लेखिएका सम्पादकीयमध्येबाट छानिएका करिब अढाई सय सम्पादकीय आलेखहरू पुस्तकमा सङ्कलित छन् । निश्चय नै सीमित स्थान र समयमा लेखिएका सम्पादकीयहरूका आफ्ना सीमा हुन्छन् तर त्यही अवस्थामा पनि तिनले बोक्ने विचार, तिनको प्रस्तुति अथवा भाषा र शैलीका हिसाबले तिनलाई हेरिनुपर्छ भन्ने हामीलाई लाग्छ । पुस्तकमा सङ्गृहीत आलेखहरूलाई छोटा निबन्धका रूपमा अध्ययन मनन गर्न सकिन्छ नै, फैलँदो मिडिया अध्ययनको क्षेत्र र हुर्कंदो क्षेत्रीय मिडियाको क्षेत्रबारे थप अध्ययन विश्लेषणका लागि पनि यसले सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**सामाजिक विकास तथा अनुसन्धान केन्द्र**
**मार्टिन चौतारी**